म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २६३ सोमबार १९ बैशाख २०७९ द्वितीया ने. सं. ११४२ चिल्लाथ्व 2 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागी उम्मेदवारीलाई एमालेको कारबाही

हेटौंडा, १८ वैशाख/ नेकपा एमाले मकवानपुरले आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनमा बागी उम्मेदवार बनेकाहरुलाई कारबाही गरेको छ ।

पार्टीको निर्णय विपरित बागी उम्मेदवारी दिने गाउँपालिका अध्यक्षसहित वडा अध्यक्षलाई एमालेले कारबाही गरेको हो । पार्टीको संगठित सदस्यबाटै बागी उम्मेदवारहरुलाई हटाउने निर्णय एमाले मकवानपुरले गरेको एकालाल श्रेष्ठले जानकारी दिएका छन् । पार्टीले उम्मेदवारी फिर्ता लिन गरेको आग्रहलाई वेवास्ता गरेपछि उनीहरुलाई कारबाही गरिएको श्रेष्ठले बताए ।

पार्टी निर्णय उल्लङ्घन गर्ने मकवानपुरगढी गाउँपालिकाको कृष्ण कँडेल, हेटौंडा उपमहानगरपालिका वडा नम्बर ५ का वडा अध्यक्षका उम्मेदवार विशालराज महत, वडा नम्बर ११ का वडा अध्यक्षका उम्मेदवार अक्कलबहादुर क्षेत्री, हेटौंडा-१९ का रत्नबहादुर ब्लोन र रमेश पौडेलसहित उनीहरुको प्रस्तावक तथा समर्थकलाई पनि पार्टीको विधानको धारा ८० (६) अनुसार पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरिएको जनाइएको छ ।

# बजारको सडकलाई व्यवस्थित गर्दै वाइपासलाई चलाउने : ओली

साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले हेटौंडा बजारको सडकलाई व्यवस्थित गर्दै वाइपास सञ्चालन गर्नुपर्ने बताएका छन् ।



आइतबार हेटौंडामा आयेजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले हेटौंडाको सडक व्यवस्थित बनाउनुपर्ने तर, सडकलाई फराकिलो बनाउने नाममा जनताको घर भत्काउन नहुने बताएका हुन् । हेटौंडाको सडक फराकिलो बनाउन २५ मिटर भत्काउन नहुने तर, १६ मिटर विस्तार गर्नुपर्ने ओलीको आशय थियो । ओलीले हेटौंडाको सडक फराकिलो बनाउन जनताको घर भत्काउनुको साटो वाइपास सडकलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिए ।

'हेटौंडाको सडक व्यवस्थित गर्न मुख्यमन्त्री डोरमणि पौडेलको कार्यकालमा बनेको वाइपासलाई राम्रोसँग सञ्चालन गर्नुपर्छ', उनले भने । हेटौंडामा सडक बिस्तारको विषय लामो समयदेखि बल्झिने घाउजस्तै बनेको छ । हेटौंडा बजारको साँघुरो सडकलाई फराकिलो बनाउन बजारलाई बिस्तार गर्न विभिन्न समयमा पहल भएपनि सफल हुन सकेको छैन । बजार बिस्तार गर्दा धेरैको घर पर्ने भएपछि सडक विस्तारको विषय लामो समयदेखि पेचिलो बन्दै आएको छ ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री पौडेल सडक बिस्तारको विपक्षमा उभिँदै आएका छन् । उनले सडक बिस्तार नगरी वाइपासलाई सञ्चालन गर्नुपर्ने बताउदै आएका थिए । पौडेलकै कुरालाई दोहोऱ्याउदै ओलीले पनि सडक विस्तार गर्न नहुने बरु वाइपासलाई व्यवस्थित गर्नुपर्ने बताएका हुन् । उनले सत्तारुढ पाँच दलीय गठबन्धन नेपालको राष्ट्रिय लुत्तो भएको टिप्पणी समेत गरे । ओलीले वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनपछि गठबन्धनलाई लुत्तो फालेको जस्तैगरी फाल्ने दाबी समेत गरे ।

'वैशाख ३० गते देशकै लुत्तो बनेको गठबन्धन फाल्ने दिन हो', उनले भने 'एमाले एक्लैले यो लुत्तोलाई निकालेर फाल्छ ।' पाँचदलीय गठबन्धन मिलेर पनि चुनावमा एमालेलाई हराउन नसक्ने ओलीको दाबी छ । ओलीले एमालेदेखि डराएर नै गठबन्धन बनेको भन्दै पाँच दल मिलेपनि एमालेलाई हराउन नसक्नेदावी गरे । 'मिलेर पनि पार लाग्दैन । गठबन्धन गरेर पनि पार लाग्दैन । पाँचै जनाले पार लाग्दैन', उनले भने, 'देशभरिका प्रतिक्रियावादीहरु, राष्ट्रघातीहरु, भ्रष्टाचारीहरु, जनविरोधीहरु, देशद्रोहीहरु, मोर्चा कसेर आउ, एमाले एक्लै लड्छ ।' उनले एमालेले विरोधीलाई वान टु वान आउ नभन्ने भन्दै देशभरीका विरोधीहरु मोर्चा कसेर आएपनि केही गर्न नसक्ने बताए । ओलीले गठबन्धन सरकार खान र देशलाई कंगाल बनाउन जन्मेको टिप्पणी गरे ।

'अहिलेको सरकार खान जन्मेको हो । देशलाई विकास गर्न होइन, कंगाल बनाउन जन्मेको हो', बागमती प्रदेश सरकारलाई लक्षित गर्दै उनले भने, 'सातवटा मन्त्रालय भएपुग्ने ठाउँमा १८ वटा बनाएका छन् । मन्त्रालय काम थपेका होइनन् खानलाई थपेका हुन् ।' ओलीले गठबन्धनको सरकारले २४ लाख डोज कोरोनाविरुद्धको खोप क्याप्सुल निलेझैं निलेको आरोप समेत लगाए । उनले सरकारले चुनावका मुखमा अर्बौं रकम पर्ने औषधी उपकरण कमिसन चाहिएर खरिद गर्न लागेको आरोप समेत लगाए । ओलीले स्वास्थ्यमन्त्री विरोध खतिवडालाई अगस्त्यजस्तो अनुहार भएको भन्दै जति खाएपनि नपुग्ने ऋषि रुपमा टिप्पणी गरे । उनले नेपाली कांग्रेसले आफ्नो घोषणापत्रमा पार्टीको सभापतिलाई भन्दा धेरै आफूलाई प्राथमिकता दिएको समेत बताए ।

ओलीले कांग्रेसको चुनावी घोषणापत्रमा कांग्रेस सभापतिको नाम ७ ठाउँमा र आफ्नो नाम ४२ ठाउँमा उल्लेख गरेको दाबी गरे । 'नपत्याए घर गएर गन्नुस्, कांग्रेसले घोषणापत्रमा आफ्नै सभापतिको भन्दा मेरो नाम धेरै लेखेको छ', उनले भने । ओलीले माधव नेपालको नाम लिने बित्तिकै आफूले मुख कुल्ला गर्ने भन्दै व्यङ्ग्य गरे । 'माधव नेपालको त के कुरा गर्नु, उनको नाम लिइहाले अहिले मुख कुल्ला गर्छु', उनको भनाइ थियो । नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एमालेसँग भरतपुरमा आफ्नो छोरीलाई मेयर बनाउन गरेको प्रस्तावमा एमाले सहमत नभएपछि कांग्रेससँग हात मिलाएको उनको आरोप छ ।

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## Vacancy Announcement

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted Learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. *Vice-Principal*
2. *Coordinators*
   Secondary Level, Basic Level and Pre-primary Level
3. *Secondary & Basic Level Faculty*
   Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, Health, Physical & Creative arts
4. *School Counselor*
5. *Event Manager*
6. *Secretary to CEO*
7. *ECA Instructor*
   Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing.
8. *Officers*
   HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,
9. *Assistants: Computer Lab, Computer Operator, Front Desk*
10. *Discipline Staffs*
11. *Drivers: Bus, Van & Tractor ( ड्राइभर )*
12. *Security Guards ( सुरक्षा गार्ड )*
13. *Hostel Staffs: Cook, Helpers, Gardener ( भान्से, सहयोगी र माली )*

**For further details, please visit our website** *www.hetaudaacademy.edu.np/vacancy*

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 11, 12 and 13. Preference will be given to well trained and experienced candidates in related areas.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at **hr@hetaudaacademy.edu.np** with 2 references and expected salary not later than **7 May 2022.**

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

HETAUDA ACADEMY EDUCATION IS THE REAL TREASURE

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur,Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
E-mail: info@hetaudaacademy.edu.np

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

## शुभारम्भ

**YADEA**
e-SCOOTERS






**Offer**
रू.१०,०००।-
नगद छुट

**YADEA e-SCOOTER का विशेषताहरु:**

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# लागूऔषध प्रयोग गरी सवारी साधन नचलाऔं

मादक पदार्थ सेवन (मापसे) गरेर सवारी साधन चलाएकै कारण दुर्घटना बढेको निष्कर्षसहित ट्राफिक प्रहरीले स्वास परीक्षण गरी मापसे जाँच कार्यलाई तीव्रता दियो । मापसे गरेर सवारी साधन चलाएको पाए कारबाही गर्ने र सुध्रिनको लागि ट्राफिक कक्षा लिने काम गर्दै आएको ट्राफिक प्रहरीले पछिल्लो समय लागूऔषध सेवन गरेर सवारी चलाए नचलाएको पत्ता लगाउन 'ड्रग डिटेक्ट किट' प्रयोग थालेको छ । मापसे गरेर सवारी चलाउँदा स्वास गन्हाउने, ट्राफिक चेकिङमा थाहा पाउने र कारबाहीमा पर्ने भएपछि पछिल्लो समय चालकहरुले विभिन्न प्रकारका लागूपदार्थ सेवन गरेर सवारी चलाउने गरेको निष्कर्ष ट्राफिक प्रहरीले निकालेको छ । लागू पदार्थ सेवन गरेर सवारी चलाउँदा झन् ठूलो दुर्घटना हुनसक्ने र जनधनको क्षति हुनसक्ने आँकलन गर्दै त्यसको न्यूनीकरणका लागि ड्रग डिटेक्ट किटमार्फत् परीक्षण थालिएको मकवानपुर ट्राफिकले बताएको छ ।

लागूऔषध सेवन गरेर सवारी चलाउने चालकहरुको पहिचान गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले 'ड्रग डिटेक्ट किट'मार्फत् लागूऔषध सेवन परीक्षण सुरु गरेपछि त्यस्ता चालकहरुमा तरङ्ग आएको छ । लागूऔषध सेवन गरेर सवारी चलाउने चालकहरुको पहिचान गर्न ट्राफिक प्रहरीले चालकहरुको पिसाब परीक्षणको माध्यम प्रयोग गर्नु सह्रानीय छ । मकवानपुरमा लागूपदार्थ उत्पादन र ओसारपसारको साथै सेवन पनि धेरै हुने सम्भावित क्षेत्र भएकोले लागूपदार्थको सेवनलाई घटाउन यो माध्यम अति प्रभावकारी देखिएको छ । सवारी दुर्घटना न्यूनीकरण गर्न यो परीक्षण कोशेढुंगा सावित हुने विश्वास लिन सकिन्छ ।

सवारीसाधन चालकहरुले यात्राको समयमा आफ्नो शरीरलाई लठ्ठ पार्ने पदार्थ प्रयोग गर्नु भनेको स्वयम् मृत्यु निम्त्याउनु हो भन्ने बुझ्नुपर्छ । आफू र आफूसंगै यात्रा गर्ने व्यक्तिहरुको ज्यान नै जोखिममा पारेर लागू पदार्थ सेवन गर्नु किमार्थ राम्रो होइन । लागू औषध कहिल्यै सेवन गर्नु हुँदैन अझ सवारी साधन चलाउने बेला त यस्को कल्पना पनि गर्नु हुन्न ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख २० गते मंगलबार ३ मे २०२२ । वैशाख कृष्ण तृतीया । चौलाथ्व तृतीया ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# गठबन्धन : एमाले र कांग्रेस दुवैको बाध्यता



प्रा. कृष्ण खनाल

वैशाख ३० गते हुने दोस्रो स्थानीय तह निर्वाचन सम्मुखमा आइसकेको छ । विजयका लागि राजनीतिक दलहरु गठबन्धन गरेर निर्वाचनमा होमिएका छन् । खासमा गठबन्धन राजनीतिक दलहरुका लागि बाध्यताको उपज हो । सरकारमा रहेका दलहरुको हकमा यो गठबन्धन केपी ओली प्रधानमन्त्री छँदा उनको निरंकुशता विरुद्ध सुरु भएको आन्दोलनको निरन्तरता पनि हो ।

सत्तामा रहेका राजनीतिक दलहरु गठबन्धनमार्फत् निर्वाचनमा प्रतिस्पर्धा गर्ने भएपछि विपक्षमा रहेको एमालेका लागि पनि गठबन्धन आवश्यक पर्यो । त्यसैले, दुवै पक्षका लागि यो गठबन्धन बाध्यताको उपज हो । तर, के स्थानीय तहमा गठबन्धन जरुरी थियो ? राजनीतिक दलहरुबीच यो तहको प्रतिस्पर्धा आवश्यक थियो ? गठबन्धनको विषयमा कुराकानी गर्नुअगाडि म यस विषयमा आफ्नो धारणा राख्न चाहन्छु ।

**स्थानीय तह : पार्टीविहीन चुनाव नै राम्रो**

स्थानीय चुनावमा गठबन्धन त के, पार्टीहरु पनि यसरी हावी हुनु जरुरी थिएन । यसको मतलव हिजो पञ्चायतकालमा जस्तो पार्टीविहीन चुनाव हुनुपर्छ भन्न खोजेको होइन । पार्टीभन्दा माथि बसेर यो चुनाव हुनुपर्थ्यो भन्नेमात्र मेरो धारणा हो । महानगर, उपमहानगर जस्ता ठूला स्थानीय तहमा पार्टीहरुले आफ्नो उम्मेदवार दिन सक्थे । अन्य मुलुकमा पनि यस्तो चलन छ । तर, दुरदराजका गाउँमा पनि किन पार्टीकै उम्मेदवार उठाउनु जरुरी थिएन । यसरी गठबन्धन बनाएर प्रतिस्पर्धा गर्ने हो भने झन् पार्टीको आवश्यकता नै थिएन ।

गाउँमा समुदाय छ, गाउँघर छ, छरछिमेक छ । स्थानीय सरकारको निर्वाचन यिनै समुदाय, गाउँघर र छरछिमेकको निर्वाचन हो । समुदाय, गाउँघर, छरछिमेक निर्माण राजनीतिक दलहरुले गरेका होइनन् । त्यसैले, जुन समुदायको नेतृत्व निर्माण हुँदैछ, यो निर्वाचन त्यो समुदायको नेतृत्व निर्माणको उपजको रुपमा आउनुपर्थ्यो । तर, दुर्भाग्य ! यो समुदायबीचको निर्वाचन नभई राजनीतिक दलबीचको निर्वाचनमा बदलियो ।

हिजो ४ हजार स्थानीय निकाय थिए । त्यो बेला हुने निर्वाचन करिव-करिव समुदायबीचको निर्वाचन थियो । जुनसुकै पार्टीबाट चुनाव लडे पनि मानिसमा सामुदायिक आत्मीयता थियो । पारवारिक आत्मीयता पनि कायम थियो । एउटै परिवारका दुई दाजुभाई फरक-फरक पार्टीबाट चुनाव लडे पनि चुनावपछि फेरि उनीहरु मिलिहाल्थे । यस हिसावले अहिलेपनि जुन समुदायको बीचमा निर्वाचन हुँदैछ, त्यही समुदायको मानिसबीच निर्वाचन गराए हुने थियो । तर, हामीले त्यो परिपाटीको अन्त्य गरिदियौं । एक त, हामीले स्थानीय तहको संरचना निकै ठूलो बनायौं ।

स्थानीय तहको संख्या ४ हजारबाट घटाएर ७ सयमा झार्यौं । हामीले 'संरचना घटाएर निकै ठूलो काम गर्यौं' भनिरहेका छौं । तर, हामीले गलत गरिरहेका छौं । किनभने, ३-४ हजार संख्यामा रहेपनि त्यसले समुदायपन जोगाइरहेको थियो । त्यो समुदायपनको भावना हामीले अन्त्य गरिदियौं । अहिले स्थानीय तहको संरचना ठूलो आकारको छ । यस्तो ठूलो आकारको संरचनामा स्थानीय तहका मेयर । प्रमुखलाई पार्टीको हाइकमाण्डले सञ्चालन गर्छ । स्थानीय तहको प्रशासनलाई सिंहदरबारबाट सञ्चालित हुन्छ । त्यहाँ प्रमुख कार्यकारी अधिकृत बनेर जो जान्छ, त्यो सिंहदरबारले पठाउने हो । त्यसैले, कार्यकारी अधिकृतको सञ्चालक सिंहदरबार हो ।

मेयर, कार्यकारी अधिकृत भनेका जनताले जतिबेला पनि भेट्न पाउनुपर्ने पदहरु हुन् । तर, अहिले बरु सिंहदरवारको सचिवलाई भेट्न सजिलो होला, नगरपालिका-गाउँपालिकाको मेयर-प्रमुख र कार्यकारी अधिकृतलाई भेट्न सकिँदैन । स्थानीय तहहरुको संख्या घटाइँदा निर्वाचित जनप्रतिनिधि र जनताबीचको दुरीपनि बढ्यो । हरदम जनताको साथमा हुनुपर्ने स्थानीय सरकार र जनताको बीचमा दूरी बढेपछि के हुन्छ ? दूरीको सरकार त सिंहदरवार छँदै थियो नि! स्थानीय तहको संरचनाको आकार ठूलो हुँदा जनप्रतिनिधि र जनताबीच जसरी दुरी बढ्नुमा ठूलो आकारको संरचनाको दोष छ । यो संरचनाले समुदायको होइन, पार्टीको हालिमुहालीलाई समेत स्थापित गरिदिएको छ ।

यही कारण व्यक्तिले व्यवस्थापन गर्न नसक्ने चुनाव हुन थाल्यो । भन्ने चाहिँ स्थानीय तहको चुनाव, तर ठूलो एरियाभित्र चुनाव लड्नुपर्दा पार्टी हावी हुने भयो । चुनाव लड्का लागि पार्टीको 'प्लेटफर्म' चाहिने भयो । पार्टीको 'प्लेटफर्म' मा गएपछि आफूलाई मत दिने मतदाताप्रति होइन, टिकट दिने नेताप्रति वफादार बन्नुपर्ने भयो । स्थानीय तहको संरचना र निर्वाचनका सन्दर्भमा यसरी हामीले गल्ती गरिरहेका छौं ।

**गठबन्धन : सबैको आवश्यकता**

दुई-तीनवटा बाध्यताको रुपमा स्थानीय तह निर्वाचनका लागि सत्तारुढ दलहरुबीचको गठबन्धन निर्माण भएको हो भन्न सकिन्छ । एक, गठबन्धनमा सामेल केही राजनीतिक दल भर्खर स्थापित भएका छन् । जस्तो कि, एकीकृत समाजवादी, जसको निर्वाचनमा परीक्षा पहिलोपटक हुँदैछ । एमालेबाट छुट्टिएको समूहले पार्टीगत हैसियत निर्माण गर्न सक्छ कि सक्दैन, त्यो कसैले भन्न सक्ने स्थिति छैन ।

एमालेको माथिल्लो तहमा भएका केही नेताहरु एमालेबाट अलग्गिएर यो पार्टी बनेको हो । यसको जनाधार कसरी निर्माण भएको छ, हिजोका एमाले कार्यकर्ता र मतदाताहरुमा यसले कति प्रभाव पारेको छ, यसको परीक्षण आगामी निर्वाचनमा पहिलो पटक हुँदैछ । त्यहीकारण एक्लै निर्वाचनमा गएर आफ्नो परीक्षण गर्ने आँट उसलाई छैन । आफ्नो सहयोगका लागि एकिकृत समाजवादीलाई गठबन्धनको आवस्यकता छ ।

माओवादी केन्द्र पनि 'नेकपा' छँदा एमालेसँगै थियो । अहिले यी दुई पार्टी अलग भएका छन् । 'नेकपा'बाट अलग भएपछि केही नेता-कार्य माओवादी केन्द्रमा नफर्किई एमालेमै रहे । आफ्नो भत्किन लागेको घर जोगाउने-जुटाउने चुनौति माओवादी केन्द्रलाई छ । भलै, माओवादी केन्द्रको स्थिति एकीकृत समाजवादीको जस्तो खतराजनक होइन । तर, पहिलेभन्दा बलियो भएर देखाउनु पर्ने चुनौति भने उसलाई छ । त्यसैका लागि पनि उसलाई गठबन्धनको आवस्यकता थियो । यस्तै स्थिति जनता समाजवादी पार्टी (जसपा) को छ । उनीहरु पनि एक भएर फुटेका दल हुन् । जसपा र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गत साल अलग भए । त्यसैले, जसपालाई पनि गठबन्धनको आवस्यकता पर्यो । कांग्रेसका लागि गठबन्धनको आवस्यकता त्यति धेरै थिएन । तर, ओलीको निरंकुशता विरुद्ध संघर्षको यात्राबाट यहाँसम्म आइसकेपछि 'गठबन्धनमा बस्दिनँ' भन्दा कांग्रेसमाथि नैतिक प्रश्न उठ्ने भयो । कांग्रेस सभापति शेरबहादुर देउवाका लागि गठबन्धन नैतिक बन्धनको रुपमा आयो । सँगसँगै यहाँसम्म आउने, गठबन्धनबाटै प्रधानमन्त्री पनि बन्ने अनि चुनावचाहिँ 'अलग-अलग लडौं' भन्न नैतिकताले पनि दिँदैन । यिनै कारणले गर्दा सरकारमा सामेल दलहरुका लागि गठबन्धन बाध्यताको उपज हो । केपी शर्मा ओलीका लागि पनि गठबन्धन निर्माण बाध्यकारी अवस्था हो । किनभने, सत्तारुढ दलहरुले गठबन्धन निर्माण गरेपछि उनी एक्लै परे । उनी आफैले भनेका पनि छन्- 'एक्लै परेपछि के गर्ने ?' यसलाई अन्यथा लिनुपर्ने कारण छैन । एक्लै परेपछि ज-जसको साथ पाइन्छ, त्यो साथ लिनै पर्यो । अहिले ओलीले त्यही गरेका छन् ।

पहिले हल्ला थियो, 'एमालेको गठबन्धन राप्रपासँगपनि हुन्छ, लोसपासँग पनि हुन्छ र जनमत पार्टी (सीके राउत) पनि हुन्छ । हुँदाहुँदा अप्रत्यक्ष खालको गठबन्धन नेत्रबिक्रम चन्द (बिप्लव) सँगपनि हुन्छ ।' तर, हेर्दाहेर्दै यी आशाहरु बिलाएर गए । चुनावमा भाग लिने कि नलिने भन्ने विषयमा बिप्लवकै पार्टी विभाजित भयो । चुनावमा भाग लिनुपर्छ भन्नेमा उनी पार्टीभित्र अल्पमतमा परे । उनी निकै कमजोर र अलोकप्रिय भइसकेका छन् । अलोकप्रिय भइसकेको पक्षसँग घोषित रुपमा चुनावमा जाँदा ओली अरु अलोकप्रिय हुने भए ।

सीके राउतको जनमत पार्टीपनि एमालेसँग नमिली एक्लै जान खोजेको देखिन्छ । महन्थ ठाकुरपनि ओलीकै नजिक थिए । तर, महन्थ ठाकुर नेतृत्वको लोसपासँग पनि एमालेको गठबन्धन हुन सकेन । ओली एक्लो भए । हुन त, ओलीले 'कमल थापाको 'राप्रपा नेपाल' र एकनाथ ढकालको 'परिवार दल' सँगपनि एमालेको गठबन्धन छ' भन्लान् । तर, यी दुई दलसँगको सहकार्यलाई गठबन्धन भन्न सकिँदैन । उनीहरुसँगको सहकार्य 'चुनावी तालमेल' मात्रै हो, गठबन्धन होइन । किनकि, कमल थापाको 'राप्रपा नेपाल' आफै परिक्षणको चरणमा छ । अहिले एमालेसँग सहकार्य गरेको राप्रपा नेपाल २०७० र २०७४ को 'राप्रपा नेपाल' होइन । कमल थापाका केही पकेटका ठाउँमा राप्रपा नेपालको केही मत होलान् । तर, एमाले र राप्रपा नेपालबीच कहीँकतै तालमेल हुँदैमा त्यसले गठबन्धनको दर्जा पाउने स्थिति छैन । चुनावको अध्ययन गर्नेहरुका लागि निर्वाचनमा प्राप्त हुने सिट गणना त्यति ठूलो कुरा होइन, कुनै पार्टी वा उम्मेदवारले 'लोकप्रिय' मत कति पायो, त्यो चाहिँ महत्वपूर्ण र विश्लेषण गर्ने पक्ष हो ।

तर, सत्ता राजनीतिमा भने जित्नेको टाउको गनिन्छ । सत्ता राजनीतिमा 'यति मेयर कांग्रेसले, जित्यो, यति एमाले र माओवादी केन्द्रका मेयरले जिते' भन्ने हिसाव हुन्छ । यस हिसावले यो गठबन्धन गठबन्धन नेपालको राजनीतिमा रोचक परीक्षाको घडीमा छ । गठबन्धनको गणितमात्र हेर्ने हो भने, प्रदेश-२ बाहेक बाँकी ६ प्रदेशमा कांग्रेस र माओवादी केन्द्रबीचको गठबन्धनले एमालेलाई सजिलै हराउन सक्छ । १०-१२ वटा मात्र यस्ता स्थानीय तह होलान्, जहाँ सत्तागठबन्धनमा भएका सबै दलको भोट एकातिर र एमालेको भोट अर्कोतिर राख्दा पनि एमालेकै भोट धेरै हुन्छ । यी १०-१२ वटामा बाहेक अरुमा चुनावै गर्नुपर्दैन ।

अर्थात्, गएको चुनावमा कांग्रेस र माओवादी केन्द्रले ल्याएको भोट मात्र जोड्ने हो भने चुनावको परिणाम स्पष्ट हुन्छ, सत्तागठबन्धनले सहजै निर्वाचन जित्छ । तर, जनताको भोट बैंकको मेरो खाताबाट खर्लप्प तपाईंको खातामा पैसा ट्रान्सफर गरेजस्तो हुँदैन । मतदाता स्वतन्त्र हुन्छन्, सबै मतदाताहरु स्थिर नहुन सक्छन् । त्यसैले, गठबन्धनको गणित हेरेर वा अघिल्लो निर्वाचनमा पार्टी वा उम्मेदवारले प्राप्त गरेको मत हेरेरमात्र आगामी निर्वाचनको गणित थाहा पाउन सकिदैन ।

यस आधारमा हिजो कांग्रेस र माओवादी केन्द्रलै ल्याएको भोट जोड्दा जति आउँछ, त्यति नै आउँछ भन्ने छैन । अब बढी आउनपनि सक्छ, घटी आउनपनि सक्छ । तैपनि गत निर्वाचनमा कांग्रेस र माओवादी केन्द्रले पाएको मतमात्रै हेर्दा चाहिँ गठबन्धन नै भारी हुने देखिन्छ । तरपनि लोकप्रिय मतको आधारमा भने यो चुनावमा कांग्रेसपछिको दोस्रो शक्तिको रुपमा एमाले आउने देखिन्छ । किनकी कांग्रेससँग देशव्यापी रुपमा प्रतिस्पर्धी दल एमाले नै हो । मेरो अनुमानमा सिट संख्याको दृष्टिले हेर्दापनि एमाले दोस्रो स्थानमा आउँछ । माओवादी केन्द्र तेस्रो स्थानमा नै रहन्छ । किनकी, २०७० र २०७४ को निर्वाचनको परिणाम हेर्दा उसका पनि १४-१५ लाख स्थिर मतदाता छन् । तर, यदि गठबन्धनको गणितले काम गरेछ भने चाहिँ लोकप्रिय मतका हिसावले एमाले दोस्रो हुँदाहुँदै सिट संख्याको हिसावले एमाले दोस्रो वा तेस्रो मात्र होइन, चौथो वा पाचौं स्थानमा पुग्न सक्छ । त्यो स्थितिमा दोस्रो स्थान चाहिँ माओवादी केन्द्रले लिइदिन सक्छ ।

तर, एमालेको भोटको भण्डार (स्थिर मतदाता) धेरै भएकाले यो सम्भावना चाहिँ निकै कम छ । एकीकृत समाजवादी परीक्षणमै छ । त्यसैले, उसको बारेमा अनुमान गर्न सकिने स्थिति छैन । एकीकृत समाजवादीको स्थानबारे अहिले अनुमान गर्नु भनेको अँधेरोमा ढुङ्गा हानेजस्तै हो । २०६२-०६३ को आन्दोलन अगाडि, राप्रपा एकीकृत छँदा उनीहरुको लोकप्रिय मत २० प्रतिसतसम्म पुगेको थियो । दोस्रो संविधान सभा निर्वाचनका बेला राप्रपा विभाजित थियो । तर, दुवै राप्रपाले ल्याएको लोकप्रिय मत राम्रै थियो । समानुपातिकतर्फ २५ सिटका साथ कांग्रेस-कम्युनिष्टपछिको विकल्पका रुपमा राप्रपा नेपाल आइसकेको थियो । तर, २०७४ को निर्वाचनमा राप्रपाको लोकप्रिय मत निकै तल झर्यो । राष्ट्रिय पार्टीको हैसियत प्राप्त गर्नका लागि आवस्यक पर्ने 'थ्रेसहोल्ड' समेत उसले पार गर्न सकेन ।

अहिले त झन् राप्रपा विभाजित भएको छ । विभाजित भएका कमल थापाले आफूलाई निर्मल निवासले धोका दिएको बताएका छन् । हिजो १५ वर्षसम्म निर्मल निवासको सेवा गरेर बसेका उनले अहिले 'निर्मल निवासले धोका दियो' भने भन्दैमा उनलाई पत्याउने स्थितिपनि छैन । जहाँसम्म राप्रपाको कुरा हो, कमल थापा अध्यक्ष हुँदाको बेलाजस्तो राप्रपा अहिले पूर्वपञ्चको नेतृत्वमा छैन । अहिलेका अध्यक्ष राजेन्द्र लिङ्देनले पुरानो 'लिगेसी' बोकेपनि उनलाई पूर्वपञ्च भन्नु आवश्यकता छैन । लिङ्देन 'फ्रेस' नेता हुन् । तर, मुद्दा पुरानै बोकेका छन् । राजतन्त्र फर्काउने भन्ने मुद्दाले जनतालाई अपिल गर्ने स्थिति देखिँदैन ।

तैपनि स्थानीय निर्वाचन भएकाले २-४ वटा पालिकाहरुमा राप्रपाले फेरिपनि जित्न सक्छ । हिजो पनि जितेकै थियो । तर, त्यसले आधारभूत रुपमा यो चुनावमा प्रभाव पार्दैन । समग्रमा भन्दा, स्थानीय निर्वाचनबाट नेपाली कांग्रेस पहिलो पार्टीको रुपमा आउनेछ । किनभने, उसको प्रमुख प्रतिस्पर्धी एमाले विभाजित भएको अवस्था छ भने उसले माओवादी केन्द्रसँग गठबन्धन गरेको छ । त्यसैले, मत भण्डार र सिट संख्याको दृष्टिले आसन्न स्थानीय निर्वाचनको नतिजा २०७४ को भन्दा थोरै परिवर्तन हुनेछ । २०७४ मा एमाले पहिलो दल बनेको थियो, अब कांग्रेस पहिलो ठूलो दल हुनेछ । कांग्रेसको स्थान लिएर एमाले दोस्रो ठूलो दल बन्नेछ । र, २०७४ मा जस्तै माओवादी केन्द्र तेस्रो ठूलो दल बन्नेछ ।

*(राजनीतिशास्त्रका प्राध्यापक खनालसँग गरेको कुराकानीमा आधारित अंश) -साभार:नेपालखबर*

# केन्द्रीय बैंकलाई तरलता व्यवस्थापनमा सकस



डा. दिवाकर वशिष्ठ

नेपाल राष्ट्र बैंकले उत्पादनशील क्षेत्रमा कर्जा बढाउने नीति लिएको छ, तथापि यसको कार्यान्वयन पक्ष निष्प्रभावी देखिएको छ । बैंकिङ स्रोतका अनुसार उत्पादनशील क्षेत्रमा कर्जाको माग नभएका कारण उपभोग र आयातमा मात्र कर्जाको माग भएको देखिन्छ । उद्योगधन्दा र निर्माण क्षेत्रको कर्जा घटाएर उपभोगको क्षेत्रमा कर्जा बढाउँदा तरलता संकट थप चुलिने देखिन्छ ।

उत्पादनशील क्षेत्रमा कर्जाको माग घट्नुको कारण कोभिड-१९ को महामारीको कारण मात्र नभई व्यावसायिक क्षेत्रप्रति सरकारको उदासीनता, शोधनान्तर स्थितिमा सुधारको नाममा आयातमा कडाइ र बैंकिङ क्षेत्रको उच्च ब्याजदर नै हो भन्नुमा अत्युक्ति नहोला । चालू आर्थिक वर्षको आठ महिनाको तथ्यांक हेर्ने हो भने पनि उत्पादनशील क्षेत्र उद्योग, कृषि सेवा व्यवसायमा लगानीको अवस्था खुम्चिएको देखिन्छ । उत्पादनशील क्षेत्रमा कर्जा बढाउन नेपाल राष्ट्र बैंकले लिएको नीतिहरूमा अनुत्पादक क्षेत्रमा जाने ओभरड्राफ्ट, घरकर्जा, व्यक्तिगत कर्जा, सवारी साधन खरिद कर्जा, रियलस्टेट, सेयर धितो एवं टिआर कर्जाको जोखिम भार वृद्धि, सुनचाँदी आयातमा कोटा र प्रतीतपत्र खोल्दा नगद मार्जिन राख्नुपर्ने जस्ता सर्त तेर्स्याएको भए तापनि कार्यान्वयन पक्षको उचित अनुगमन नहुँदा उत्पादनशील क्षेत्रको कर्जामा सुधार आउन सकेको देखिँदैन । २०७८/७९ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा उल्लेख भएअनुसार चालू आर्थिक वर्षको ६ महिनामा आर्थिक पुनरुत्थानसँगै आयातमा पनि उल्लेख्य वृद्धि भएको छ । निर्यातको वृद्धिदर उच्च रहे तापनि यसको आधार सानो भएकाले व्यापार घाटाको आकार बढेको छ ।

यस अवधिमा विप्रेषण आप्रवाहमा समेत संकुचन आएकाले शोधनान्तर स्थिति घाटामा रहनुका साथै विदेशी विनिमय सञ्चिति घटेको छ, जसले तरलतामा चाप परेको छ । उत्पादनशील क्षेत्रमा कर्जा वृद्धि गर्ने हेतु आर्थिक पुनरुत्थान लक्षित कार्यक्रम पनि ल्याइएको थियो । २०७८ फागुन महिनामा हेर्दा वाणिज्य बैंकहरूको निक्षेप वृद्धिदर ५ प्रतिशत रहेको देखिन्छ भने कर्जा वृद्धिदर १६ प्रतिशत रहेको देखिन्छ । कुल निक्षेप ४३ खर्ब ३३ अर्ब देखिन्छ भने कुल कर्जा ४१ खर्ब ७२ अर्ब पुगेको देखिन्छ । यसरी कर्जा निक्षेप अनुपात करिब ९१ प्रतिशत रहेको देखिन्छ ।

१६ प्रतिशतको कर्जा वृद्धिमा करिब १० प्रतिशतभन्दा बढी अनुत्पादक क्षेत्रमा गएको जानकारहरू बताउँछन् । अर्थमन्त्रीज्यूले भन्नुभएको छ, पैसा घरमा नै लुकाएर राख्ने प्रवृत्ति बढेको छ, जसले पुँजीलाई निष्क्रिय बनाउँछ । यसलाई बेतुकको तर्क भन्नेहरूको पनि कमी छैन । किस्टोकरेन्सी, डिजिटल नेटवर्किङ, हाइपर फन्डलगायतका नयाँ प्रविधिको प्रयोग गरी पुँजी पलायन भएको आशय व्यक्त हुनु केही हदमा जायज भए तापनि यसमा सरकारको एकातर्फ निगरानीको कमजोर संयन्त्र छ भने अर्कातर्फ उच्च घराना र पुँजीपतिहरूबाट नै धन लुकाउन वा नेपालमा उत्पादनशील क्षेत्रमा लगानीको उपयुक्त वातावरण नदेखेर पुँजी फ्लाईट गर्न लागिपरेको भन्नेहरूको पनि कमी छैन । फेरि सुशासन र बजार अनुगमन कमजोर हुँदा पनि यस्तो खालको समस्या आउने गर्छ, जसबाट दिन-प्रतिदिन तरलता संकट गहिरिएको छ । यसतर्फ सम्बन्धित निकायले बेलैमा कठोर निर्णयका साथ ध्यान पुऱ्याउन ढिला भइसकेको छ । उद्योगधन्दा, कृषि, पर्यटन, ऊर्जा क्षेत्रको उत्पादकत्व बढाउन निजी क्षेत्रको मनोबल बढाउनुपर्छ । राज्यका हरेक नीतिनियमको निर्माण गर्दा निजी क्षेत्रसँग सहकार्य गर्नुपर्छ, चाहे रेमिट्यान्सलाई प्रोत्साहन दिने कुरा होस् वा वस्तु आयातमा लिने नीति नै किन नहोस्, मात्र तरलता सहज भई उत्पादनशील क्षेत्रमा कर्जा वृद्धि हुने सम्भावना रहन्छ ।

उत्पादनशील क्षेत्रअन्तर्गत कर्जा वृद्धि नहुँदा एकातर्फ निर्माण सामग्रीहरूको मूल्य तीव्र बढेको छ भने अर्कातर्फ कृषि सामग्रीको मूल्य वृद्धि हुँदा र बढी आयातमा निर्भर हुँदा महँगी वृद्धि हुनुका साथै मुद्रास्फीतिसमेत बढेको छ । उत्पादनशील क्षेत्रमा देखिएको कर्जा न्यूनताले सर्वसाधारणको व्यययोग्य आयमा ह्रास आउँछ र तरलता संकट थप चुलिने निश्चित प्रायः छ । तरलता व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकले बजारमा स्थायी तरलता सुविधालगायतका सापटी प्रवाह एवं विभिन्न उपकरणहरूमार्फत प्रयत्न गरेको भए तापनि अपेक्षित लाभ देखिँदैन ।


हाल निक्षेपमा केही सुधार देखिएको थियो तर बैंकिङ प्रणालीमार्फत आन्तरिक ऋणको जोहोका लागि ५ अर्ब खिच्दा र सरकारले चालु आर्थिक वर्षमा कुल २ खर्ब ३९ अर्ब आन्तरिक ऋण उठाउने योजनालगायतले समेत बैंकिङ क्षेत्रमा तरलताको समस्या थप चुलिन सक्छ । तथापि आगामी स्थानीय चुनावको बेलामा धेरै रकम बजारमा विनियोजन हुँदा तरलतामा केही सहज हुने आकलन गर्न सकिन्छ । बैंकिङ तरलता भनेको निक्षेपकर्ताले मागेको बखत नगद दिन सक्ने बैंकको क्षमता हो । बैंक तथा वित्तीय क्षेत्रमा तरलतालाई तुरुन्त लगानीयोग्य पुँजीको रूपमा बुझ्ने गरिन्छ । बैंकमा व्यक्ति तथा विभिन्न संघसंस्था आदिबाट संकलन हुन आएको रकम चल्ती, मुद्दती तथा बचतलगायतका निक्षेप खातामा जम्मा भएको हुन्छ र उनीहरूले मागेको बखत ब्याजसहित भुक्तानी गर्नुपर्ने दायित्व बैंकको भएको हुँदा तरलताको पर्याप्तता अनिवार्य हुन्छ । कुनै पनि वित्तीय सम्पत्ति सजिलै खर्चयोग्य रकममा रूपान्तरण हुने अवस्था नै तरलता हो ।

हालको अवस्था हेर्दा कर्जाको माग भयो भन्दैमा आफ्नो क्षमता नहेरी लगानी भइरहेको एकातर्फ देखिन्छ भने अर्कातर्फ अनुत्पादक क्षेत्रमा लगानी बढ्नु र सरकारको विकास खर्चमा न्यूनता, विप्रेषणमा यथोचित सुधार हुन नसक्नु आदि कारणले पनि तरलतामा सुधार आउन सकेको छैन । तरलतामा सुधार नआएकै कारण उत्पादनशील क्षेत्रमा कर्जा जान सकेन भन्नु कति यथार्थपरक छ, गम्भीर विश्लेषणको जरुरत देखिन्छ । त्यसो त तरलतामा सुधार ल्याउन बैंकिङ क्षेत्रले अपेक्षित योजना ल्याउन नसकेको गुनासो सार्वजनिक क्षेत्रमा सुनिन थालेको छ ।

अर्थतन्त्रमा तरलता घट्यो भने ब्याजदर बढ्छ र मुद्रास्फीतिमा दबाब कम हुन्छ भनिन्छ । तर, मुद्रास्फीतिमा दबाब कम हुँदा त महँगी पनि कम हुनुपर्ने हो तथापि हामीकहाँ ठीक उल्टो छ । महँगी चुलिँदै गएको छ । मुद्रास्फीतिमा दबाब पनि उत्तिकै छ । गोजीभरि पैसा बोक्दा न्यून सामान उपलब्ध हुन्छ । त्यसो त उद्योग-व्यवसायीसमेतले संस्थागत निक्षेपमा ब्याजदर घटाई उद्योग व्यवसायको कर्जामा राहत दिन माग गरेका छन् तथापि यसले झन् तरलतामा चाप पर्ने बैंकिङ क्षेत्रले आकलन गर्दै माग पूरा गर्न सकेको अवस्था छैन ।

-बाँकी ३ पेजमा.....

# नेपालकी सरितालाई कास्य



काठमाडौं/नेपालकी सरिता श्रेष्ठले कोबे-ओसाका अस्ट्रेलिया कराते च्याम्पियनसिपमा आइतबार कास्य जितेकी छन् । महिला एकल कातामा सरिताले कास्य जितेको कराते प्रशिक्षक राम थारुले जनाएका छन् ।

अस्ट्रेलियाको मेलबर्नमा भएको प्रतियोगिताअन्तर्गत सरिताको स्पर्धामा १३ खेलाडी सहभागी थिए । प्रशिक्षक थारुका अनुसार सरिताले ३ खेलाडीलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेकी थिइन् । सेमिफाइनलमा पराजित भएपछि सरिता कांस्यमै सीमित भइन् । -साभार: रातोपाटी

# उद्योगहरूमा बिजुली अभाव, उद्योगी भन्छन्- पलायन हुने अवस्था आयो



काठमाडौं/नेपालका उद्योगहरूमा दैनिक तीन सय मेगावाट बिजुली अभाव हुन थालेको छ । योसँगै आफूहरू उद्योग सञ्चालन गर्न नसक्ने अवस्थामा पुगेको उद्योगी/व्यवसायीहरूले गुनासो गर्न थालेका छन् ।

गोल्यान समूहका अध्यक्ष पवन गोल्यान बिजुली अभावमा उद्योग चलाउनै मुश्किल परेको बताउँछन् । 'अरू मुलुकमा निर्यातमुखी उद्योगलाई प्रोत्साहन गर्न अन्यत्र कटौती गराएर पनि उद्योगलाई बिजुली उपलब्ध गराइन्छ । तर यहाँ त सरकारलाई वास्तै छैन,' उनी भन्छन्, 'नारामा रोजगारी/निर्यात बढाउने भनिन्छ तर व्यवहार दु:ख लाग्दो छ ।'

आफ्नो एउटा उद्योग बराबर चार हजारभन्दा बढीले रोजगारी पाएको तर लोडसेडिङकै कारण कर्मचारीलगायत समग्र व्यवस्थापन खर्च धान्नै नसक्ने अवस्थामा पुगेको उनले बताए । गोल्यानका अनुसार उद्योगले हाल दैनिक २० देखि २२ घन्टा लोडसेडिङको मार खेप्दै आएका छन् । 'यस्तै भयो भने कसरी कर्मचारी पाल्ने ? कसरी उद्योग चलाउने ? सरकारले निर्यात बढाऊ भनेको छ । हामीले काम गर्न सकेका छैनौं, मेसिन राख्न सकेका छैनौं । भएका पनि चलाउन सकिएन कसरी बढ्छ निर्यात,' उनले प्रश्न गरे ।

महँगीका कारण बिजुलीका अन्य विकल्प प्रयोग गरेर उद्योग चलाउन सक्ने अवस्था नरहेको उनले बताए । 'अन्य ऊर्जाले उद्योग चलाउँदा एक दिमा ६० लाखभन्दा बढी खर्च हुन्छ । सिमेन्ट, धागो लगायत सबै उद्योग सबैको अवस्था बिजोग छ,' उनले गुनासो पोखे । विद्युत प्राधिकरणले बिजुली आपूर्ति सहजीकरण गर्न नजान्दा उद्योगीहरू थप मर्कामा परेको उनको तर्क छ । 'अहिले भारतबाट पावर कम आएको छ । तर यहाँको उत्पादनलाई पनि उद्योगलाई प्राथमिकतामा राखेर बिजुली दिनुपर्नेमा त्यसो गरिएको छैन,' गोल्यानले भने ।

उद्योगीका छाता संगठन उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ लगायतले पनि उद्योगीहरूको दु:खमा साथ नदिएको गुनासो उनले गरे । ग्रिल तथा स्टिल व्यवसायी महासंघका अध्यक्ष मोहन कटुवाल पनि प्राधिकरणले बिजुली कटौती गरेका कारण ग्रिल तथा स्टिल उद्योगहरू धराशायी अवस्थामा पुगेको बताउँछन् ।

'ग्रिल र स्टिल उद्योगका लागि बिजुली माछालाई पानी जस्तै आवश्यक पर्छ । बिजुली बिना कामै गर्न सक्दैनौं,' उनी भन्छन्, 'चुपचाप बस्नुको विकल्प छैन ।'

यस्तै भइरह्यो भने धेरै उद्योग पलायन हुने उनी बताउँछन् । बिजुली कटौतीका कारण काठमाडौं उपत्यकाका ग्रिल उद्योगमा थोरै समस्या परे पनि उपत्यका बाहिरका उद्योगमा निकै मर्का परेको उनले बताए । 'सामानको भाउ उस्तै अकासिएको छ । त्यसमाथि काम गर्न बिजुली छैन । अनि उद्योग कसरी चल्नु ?,' उनले भने ।

विद्युत प्राधिकरणले सुख्खा याममा भारतले बिजुली कटौती गरेकाले नेपाली उद्योगले बिजुली अभाव झेल्नु परेको बताएको छ । प्राधिकरणका अनुसार सामान्य अवस्थामा नेपालबाट भारतले दैनिक करिब ४०० मेगावाट बिजुली किन्दै आएको थियो । हाल कटौती गरेर दैनिक ८० मेगावाट बिजुली मात्रै उपलब्ध गराइरहेको प्राधिकरणका प्रवक्ता सुरेशबहादुर भट्टराईले बताए ।

'अहिले भारतकै १८ वटा राज्यमा लोडसेडिङ सुरू भइसकेको जानकारी आएको छ । त्यहाँका धेरै उद्योग पनि बन्द भइसके । त्यसैले हामीलाई बिजुली पाउन मुश्किल छ,' उनले भने ।

रूस-युक्रेन युद्धपछि भारतमा बिजुली अभाव हुन थालेको हो । योसँगै नेपाली उद्योगमा पनि दैनिक तीन सय मेगावाट बिजुली अभाव भएको प्राधिकरणले बताएको छ । 'हाम्रा उद्योगमा दैनिक पाँच सय मेगावाट बिजुली माग छ । दैनिक करिब दुई सय मेगावाट मात्र दिन सकेका छौं,' भट्टराईले भने ।

उद्योगीहरूलाई आवश्यकता अनुसार कसरी बिजुली प्रवाह गर्न सकिन्छ भन्ने विषयमा प्राधिकरणले सोचिरहेको पनि उनले बताए । 'सुख्खा सिजन छ, जताततै पावर संकट छ,' उनी भन्छन्, 'तत्काल लोडसेडिङ कम गर्न सकिने विकल्प छैन । उद्योगलाई आवश्यक बिजुली कहिलेदेखि दिन सक्छौं भनेर भन्न सकिने अवस्था छैन ।' भारतबाट बिजुली आयात बढाउन सक्ने अवस्था नभए पनि प्राधिकरणले प्रयास गरिरहेको उनले बताए । प्राधिकरणका अनुसार नेपालले सिजनमा करिब २ हजार २ सय मेगावाट बिजुली उत्पादन गर्दै आएको छ । माग सरदर १ हजार ३ सय ५० मेगावाट रहेको भट्टराई बताउँछन् । तर सुख्खा सिजनमा उत्पादन आधाभन्दा बढी घट्ने कारण समस्या निम्तिएको उनको भनाइ छ ।

उनका अनुसार हिउँदको समय (कात्तिकदेखि चैतसम्म) दैनिक छ सय मेगावाट बिजुली उत्पादन हुन्छ । बर्खा याममा शतप्रतिशत उत्पादन भए पनि सुख्खामा कतिपय आयोजनाको उत्पादन मुश्किलले १५ प्रतिशत मात्र हुन्छ । यसकारण बिजुली अभाव हुन्छ ।

प्राधिकरणले कुलेखानी, तामाकोशी, कालीगण्डकी, मर्स्याङ्दी जस्ता 'रन अफ द रिभर' आयोजना बढाउन प्रयास गरिरहेको उनी बताउँछन् । 'यस्ता विभिन्न आयोजना अध्ययन क्रममा छन् । कतिपय आयोजना अन्तिम चरणमा पुगेका छन् । दूधकोशी, बुढीगण्डकी लगायत आयोजना अध्ययन भइरहेको छ,' उनले भने । -साभार: सेतोपाटी

# केन्द्रीय बैंकलाई...

तरलताको समस्याले बैंकिङ क्षेत्रको खर्च गर्न सक्ने क्षमतामा कमी ल्याई उद्योगधन्दालगायतको व्यवसायलाई प्रत्यक्ष असर परी कालान्तरमा उद्योग-व्यवसाय कालोसुचीमा पर्न सक्ने सम्भावना एकातर्फ छ भने अर्कातर्फ कर्जाको भाका नाघ्ने दरमा समेत वृद्धि हुने, उद्योगले कर्जा नपाउँदा विकासमा समेत बाधा हुने र कालान्तरमा अर्थतन्त्रमा थप समस्या आउन सक्ने सम्भावना देखिएको छ ।

अर्थमन्त्रीज्यू, आगामी दिनमा तरलता सहज हुने भएकाले ब्याज घटाउन पहल गरिने भनेको भए तापनि तरलता अभावले बैंकहरूले थप ब्याज वृद्धि गर्न सक्नेतर्फ व्यावसायिक जगत् चिन्तित छ ।

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा समेत तरलता व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था केन्द्रीय बैंकले गरेको थियो, जसमा बैंकदर ५ बाट ७ प्रतिशत पुऱ्याउने, ब्याज करिडोरसँग सम्बन्धित स्थायी तरलता सुविधा दर ७ प्रतिशत, नीतिगत रिपोदर ५.५ प्रतिशत, निक्षेप सकलन दर ४ प्रतिशत रहेको छ । त्यस्तै लगानीको ठूलो हिस्सा उत्पादनशील क्षेत्रमा प्रवाह होस् भन्ने हेतु यस क्षेत्रमा हुने लगानीको ब्याजदर कम गर्ने, आन्तरिक रेमिट्यान्सको सीमा समेत घटाउने नीति लिएको थियो, तथापि तरलता अभाव समाधान हुन नसकेपछि बैंकहरूले अन्तरबैंक सापटीमा समेत ७ प्रतिशतभन्दा बढी ब्याज दिन थालेको देखिन्छ ।

गत एक महिना अघिसम्म यो दर ५ प्रतिशत थियो । ब्याज करिडोरको नीतिअनुसार माथिल्लो सीमा नै ७ प्रतिशत छ । यो नै नाघ्ने अवस्थाले राष्ट्र बैंकलाई नियमन र व्यवस्थापन गर्न थप सकस परेको देखिन्छ ।

तरलता सहज भयो भने उत्पादनशील क्षेत्रमा कर्जा वृद्धि हुन्छ भन्ने हेतु तरलताका कारण बैंकिङ क्षेत्रलाई कठिनाइ नहोस् भनेर नेपाल राष्ट्र बैंकले तरलता व्यवस्थापनमा निरन्तर ध्यान दिएको देखिन्छ ।

विभिन्न वित्तीय औजारको प्रयोगमार्फत बजारमा तरलता प्रवाह गर्नेसमेत कार्य गर्दै आएको देखिन्छ । त्यस्तै ब्याज करिडोर, सीसीडी रेसियो, अन्तरबैंक दरलगायतका नीतिगत व्यवस्था प्रयोग गरेर नेपाल राष्ट्र बैंकले न्यून तरलताको व्यवस्थापन गर्दै आएको भए तापनि अन्तर्राष्ट्रिय आर्थिक संकट, कमजोर अनुगमन र सुशासन, राष्ट्रिय अस्थिर राजनीति, कोभिड-१९ ले पारेको संकट आदिले तरलता व्यवस्थापनमा केन्द्रीय बैंकलाई सकस परेको देखिन्छ । नेपालको अर्थव्यवस्था विगतदेखि नै विप्रेषणमा आधारित छ, तथापि यसले सरकारको चालू खर्च धान्नसमेत धौधौ देखिन्छ ।

यसको विकल्प अर्थात् दीर्घकालीन समस्या समाधानको उपाय भनेको उत्पादनशील क्षेत्रमा कर्जा वढाउनु र विकास खर्च वृद्धि गर्नु नै हो । खर्चिलो संघीयताको कार्यान्वयनको फलस्वरूप साधारण खर्च वृद्धिले कालान्तरमा तरलतामा थप चाप पर्ने हुँदा बेलैमा सजग हुनुपर्ने देखिन्छ ।

तरलताको दीर्घकालीन समाधानमा हुन्डीलगायत गैरबैंकिङ प्रणालीबाट हुने कारोबारलाई रोक्नुपर्ने, वित्तीय साक्षरता बढाउने र साना-साना छरिएर रहेको पुँजीलाई निक्षेपमार्फत संकलन गर्ने लगायतले मात्र तर लताको दिगो व्यवस्थापन गर्न सकिने कुरामा कसैको विमति नरहला ।

*(लेखक बैंक तथा वित्तीय संस्था सम्बन्धी विज्ञ हुन् ।)*

*-कारोबारडेली*

# भुटानी अभिनेत्रीसँग उपासनाको मित्रता



काठमाडौं/फिल्म 'क्याप्टेन'बाट सानदार रुपमा उदाएकी अभिनेत्री उपासना सिंह ठकुरीलाई दोस्रो फिल्म 'कबड्डी २'ले सफलताको उचाईंमा पुऱ्यायो ।

त्यसयता उनको नेपाली फिल्ममा उच्च माग छ । उनले कोभिडयता 'डिसेम्बर फल्स', 'सत्यम्' र 'दुई नम्बरी' गरी तीन फिल्म साइन गरिन् । जसमध्ये 'डिसेम्बर फल्स'को केही प्रतिशत छायांकन मात्र बाँकी छ भने 'सत्यम्'को छायांकन अन्योल छ ।

'सत्यम्' छायांकनमा निस्कन ढिलाई भएपछि उनले गत चैतमा फिल्म 'दुई नम्बरी' साइन गरेकी थिइन् । अहिले उनी यो फिल्मको छायांकनका लागि कास्कीमा छिन् । फिल्ममा उनको जोडी अभिनेता सौगात मल्लसँग बाँधिएको छ । उनी सौगातको ठूलो फ्यान हुन् । अभिनेत्री वर्षा राउतले समय अभावका कारण फिल्ममा काम गर्न नसकेपछि उपासना रातारात फिल्ममा भित्रिएकी थिइन् ।

फिल्ममा दयाहाङ राई र भुटानी अभिनेत्री उगेन छोदेन पनि मुख्य भूमिकामा छन् । फिल्मको सेटबाट उपासना भने उगेनको घनिष्ट साथी बनेकी छन् । उपासनाले इन्टाग्राममा पोस्ट गरेको उगेनसँगका तस्विरहरु हेर्दा उनीहरुबीच वर्षौं पुरानो साथीको जस्तो सम्बन्ध देखिन्छ । उगेनले नेपाली भाषा स्पष्ट बुझ्न र बोल्न सक्ने भएकाले पनि उनीहरु चाँडै एकअर्कासँग घुलमिल भएका हुन् ।

उगेनले पहिलो पटक नेपाली फिल्ममा अभिनय गरेकी हुन् । यद्यपि, उनी नेपाली फिल्मको नियमित दर्शक हुन् । उपासनासँगको मित्रताले उनलाई नेपाली फिल्मको माहोल र नेपाली समुदायको संस्कृति तथा रहनसहन बुझ्न थप सहज भएको छ । केही दिनअघि उपासनाले उगेनलाई नेपाली गीत गाउन आग्रह गर्दा उनले 'फूलबुट्टे सारी' गाएको भिडियो इन्स्टाग्राममा साझेदार गरेकी थिइन् । -साभार: फिल्मीखबर

# सर्वियामा वैदेशिक रोजगारी खुला, कामदार म्यानपावरले पठाउने

काठमाडौं/युरोपेली मुलुक सर्विया रोजगारीमा अब म्यानपावर कम्पनीहरूले कामदार पठाउन पाउने भएका छन् । सरकारले म्यानपावर कम्पनीहरूलाई सर्वियामा कामदार पठाउन अनुमति दिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले जानकारी दिए ।

यसका लागि श्रम मन्त्रालयले राजपत्रमा पनि सूचना प्रकाशित गरिसकेको छ । अब औपचारिक रूपमा श्रमिकहरू श्रम स्वीकृति लिएर उक्त मुलुकमा जान सक्ने सचिव अर्यालले बताए ।

यसअघि सर्वियामा नेपाली श्रमिकहरू व्यक्तिगत रूपमा जाने गरेका थिए । अब भने उक्त मुलुकका रोजगारदाताहरूले आवश्यक जनशक्ति नेपालका मेनपावरमार्फत् लैजान सक्ने छन् । मागपत्र प्रमाणीकरण लगायत काम जर्मनीस्थित नेपाली दूतावासले गर्ने सचिव अर्यालले जानकारी दिए । 'त्यहाँको माग म्यानपावर कम्पनीहरूले ल्याउँछन् सरकारले त्यसमा सहजीकरण गर्छ,' सचिव अर्यालले भने । सर्वियामा श्रमिकहरूले आकर्षक सेवासुविधा तथा पारिश्रमिक पाउने विश्वास सरकारको छ ।

'त्यहाँको स्ट्यान्डर्ड अनुसार नै हाम्रा नेपाली दाजुभाइ-दिदीबहिनीहरूले बीमा, तलबदेखि अन्य सुविधाहरू पाउनु हुन्छ भन्ने विश्वास छ,' सचिव अर्याल भन्छन्, 'त्यहाँको समग्र अवस्थाबारे हामी पनि हेर्छौं ।' सर्वियामा पारिश्रमिक/सेवासुविधा के-कस्तो छ, कुन क्षेत्रमा नेपाली श्रमिकहरूका लागि अवसर छ लगायत विषयमा पनि सरकारले अध्ययन गर्ने उनले बताए । 'सर्विया जान योग्य छ/छैन भन्ने सबै जाँचबुझ हाम्रो दूतावासले पनि हेर्छ । सर्वियन कम्पनीको स्थिति पनि हाम्रो दूतावासले अध्ययन गर्छ । त्यहाँबाट रोजगारीको प्रमाणीकरण भएर आएपछि वैदेशिक रोजगार विभागले मात्रै जान अनुमति दिन्छ,' अर्यालले भने ।

हाल सर्वियामा व्यक्तिगत श्रम स्वीकृतिमार्फत पुगेका ठूलो संख्यामा नेपालीहरू कार्यरत छन् । म्यानपावर व्यवसायी सुजितकुमार श्रेष्ठ सर्वियामा नेपाली श्रमिकहरूको राम्रो माग रहेको बताउँछन् । उनका अनुसार पछिल्लो पटकको तथ्यांक हेर्दा त्यहाँ एक हजार छ सयभन्दा बढी श्रमिकको माग आइसकेको छ ।


यो मुलुकमा सेवा क्षेत्र, निर्माण, कृषिलगायत क्षेत्रमा नेपाली श्रमिकको माग रहेको उनले बताए । यो मुलुकमा सरकारले संस्थागत श्रम स्वीकृति खुला गर्दा व्यवसायी तथा श्रमिक वर्ग दुवैलाई फाइदा पुग्ने उनको भनाइ छ ।

'अब नेपालबाट धेरै श्रमिक जान पाउँछन् । त्यहाँ चौधरी ग्रुपको वाइवाइ फ्याक्ट्री पनि छ । अरू क्षेत्रमा पनि राम्रो अवसर छ । म्यानपावरमार्फत जाँदा सुरक्षित पनि हुने भयो,' व्यवसायी श्रेष्ठले भने । त्यहाँ श्रमिकले नि:शुल्क खान, बस्नसहित मासिक न्यूनतम तीन सय ५० युरो पारिश्रमिक पाउने उनले उनले बताए । व्यक्तिगत श्रम स्वीकृतिमार्फत सर्वियासँगै ठूलो संख्यामा नेपालीहरु रोमानिया, सेसेल्स, क्रोएसिया, मौरिससलगायत विभिन्न युरोपियन मुलुक जाने गरेका छन् । श्रम मन्त्रालयले विस्तारै व्यक्तिगत श्रम स्वीकृतिमा रोक लगाएर म्यानपावर मार्फत मात्रै जान पाउने व्यवस्था गर्न लागेको छ । श्रम मन्त्रीले 'स्वार्थ राखेर' यस्तो योजना बुनेको आरोप समेत लाग्दै आएको छ ।

मन्त्रालयका सचिव एकनारायण अर्याल भने व्यक्तिगत श्रम स्वीकृति लिएर जाँदा युवाहरू जोखिममा पर्ने भएका कारण मन्त्रालयले म्यानपावरमार्फत पठाउन स्वीकृति दिएको दावी गर्छन् । 'आफैं जाँदा उहाँहरू समस्यामा पर्दा जिम्मेवारी कसले लिने ? श्रमिकहरू समस्यामा नपरून् भनेर हामीले संस्थागतमार्फत पठाउने निर्णय गरेका हौं,' सचिव अर्यालले भने ।

म्यानपावरमार्फत सर्विया जाँदा नेपालीहरूले के-कति सेवाशुल्क बुझाउनुपर्छ भन्ने यकिन भइसकेको छैन । हाल त्यहाँ ८ लाखभन्दा बढी रकम खर्चिएर व्यक्तिगत तवरमा नेपालीहरू पुगिरहेको अनुमान छ । म्यानपावर व्यवसायी सुजितकुमार श्रेष्ठ सर्वियाको नीति तथा खर्चलगायत आधारमा सेवाशुल्क लाग्ने बताउँछन्, 'त्यहाँको नीति र आधारमा वैदेशिक रोजगार विभागले शुल्क तोक्ला ।' आप्रवासी श्रमिकसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डमा भने श्रमिक भर्ना प्रक्रियाको शुल्क रोजगारदाताले नै बेहोर्नुपर्ने व्यवस्था छ । -साभार: सेतोपाटी

# सुन र चाँदीको मूल्य घट्यो



काठमाडौं/आइतबार सुनको मूल्य तोलामा २ सय रुपैयाँले घटेको नेपाल सुन चाँदी व्यवसायी महासंघले जनाएको छ । आइतबार छापावाल सुनको मूल्य तोलामा ९९ हजार रुपैयाँ कायम भएको छ भने तेजावी सुनको मूल्य ९८ हजार ५ सय रुपैयाँ तोकिएको छ ।

गत शुक्रबार ९९ हजार २ सय रुपैयाँमा छापावाल र ९८ हजार ७ सय रुपैयाँमा तेजावी सुनको कारोबार भएको थियो । यस्तै गत शुक्रबार १ हजार ३२० रुपैयाँमा चाँदीको कारोबार भएको थियो । चाँदीको मूल्य शुक्रबारको तुलनमा आइतबार तोलामा २० रुपैयाँले घटेको हो । -साभार: अनलाईनखबर

# सगरमाथा आरोहण गर्न ३१६ जनाले लिए अनुमति

काठमाडौं/यस वर्षको वसन्त यामको सगरमाथा (८,८४८.८६ मिटर) हिमाल आरोहणका लागि ३९ आरोही समूहका ३१६ जनाले आरोहण अनुमति लिएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागकाअनुसार सगरमाथासहित २५ हिमाल तथा चुली आरोहणका लागि १११ आरोही समूहका १९५ महिला र ७०४ पुरुषसहित कूल ८९९ आरोहीले अनुमति पाएका छन् ।

विभागको पर्वतारोहण शाखाबाट जारी भएको मार्च अन्तिमसम्मको एक्सिपीडिसन पर्मिटमा सबैभन्दा धेरै सगरमाथा आरोहण गर्न ३८ आरोही समूहका ३०२ आरोहीले अनुमति लिएका छन् । अमादब्लम (६,८१४ मिटर) आरोहणका लागि नौ समूहका ९७ जनाले



अनुमति पाएका छन् । कञ्चनजैा (८,५८६ मिटर) आरोहणका लागि सात समूहले अनुमति लिएको छ । अन्नपूर्ण (८,०९१ मिटर) चार र नुप्से आरोहणका लागि सात समूहले अनुमति पाएको छ । मकालु (८,४६३ मिटर) मा चार, धौलागिरि (८,१६७ मिटर) का लागि दुई र ल्होत्से (८,५१६ मिटर) का लागि एक आरोही समूहले अनुमति लिएका छन् । त्यसैगरी नुप्से आरोहणका लागि सात, हिमलुङ्ग चुली र थापा पिकका लागि चार/चार समूहले आरोहण अनुमति लिएर गन्तव्यतर्फ प्रस्थान गरेका छन् । ती हिमाल तथा पिक आरोहणबाट हालसम्म ४६ करोड ७५ लाख रोयल्टी जम्मा भएको विभागले जनाएको छ । -साभार: रातोपाटी

श्री
निर्वाचन आयोग
**प्रदेश निर्वाचन कार्यालय**
मकवानपुर

**आसन्न स्थानीय तह निर्वाचनका सम्बन्धमा मतदाता शिक्षा र निर्वाचनमा मतदान गर्ने कुराहरुका लागि सबै मतदाताहरुले कसैको प्रभाव वा मोलाहिजामा नपरि स्वतन्त्र, विश्वासनीय र मत बदर नहुने गरि आफ्नो अमूल्य मतको प्रयोग गर्न सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।**

**लुम्बनाथ पोखरेल**
**प्रदेश निर्वाचन अधिकारी**

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# 'हेटौंडालाई व्यवस्थित सहरका रुपमा विकास गर्छौं'

साझाकुरा संवाददाता



हेटौंडा, १८ वैशाख/ आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनमा हेटौंडा उपमहानगरपालिकाको मेयरकी उम्मेदवार मिना लामाले हेटौंडालाई व्यवस्थित सहरका रुपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेकी छिन् ।

सत्ता साझेदार पाँच दलीय गठबन्धनबाट मेयर उम्मेदवार रहेकी लामा घरदैलोमा नियमित सक्रिय छिन् । उनी पहिलो महिला मेयर बन्ने दौडमा छिन् । गठबन्धनबाट उपमेयरमा राजेश बानियाँ चुनावी मैदानमा छन् ।

लामा र बानियाँको संयुक्त घरदैलो अभियान दैनिक नगरका वडाहरुमा चलिरहेको छ । घरदैलो तथा हेटौंडा-११ स्थित नवलपुरमा सत्तारुढ गठबन्धनको सम्पर्क कार्यालय स्थापनापछि बोल्दै लामाले हेटौंडालाई बागमती प्रदेशको राजधानीको रुपमा विकास गर्ने बताएकी हुन् ।

बागमती प्रदेशको राजधानी हेटौंडालाई थप व्यवस्थित सहरको रुपमा विकास गर्ने लक्ष्य रहेको बताइन् । 'नगरमा विजयी भएपछि सातवटै प्रदेशको राजधानीभन्दा हेटौंडालाई अब्बल र व्यवस्थित सहरका रुपमा विकास गरेर जनताको जीवन स्तर उकास्नेमा जोड दिन्छौं', लामाले भनिन् । हेटौंडा-११ लाई शहरीकरण गर्न आवश्यक भौतिक पूर्वाधारको विकास गरिने उनको प्रतिबद्धता छ । उपमेयर पदका उम्मेदवार बानियाँले गठबन्धनका उम्मेदवारलाई जिताउन सबै नेता, कार्यकतालाई आग्रह गरे ।

गठबन्धन मजबुत रहेको भन्दै उनले नगरबासीले विश्वास गरेको बताए । निर्वाचन जिते पाँच वर्षमा काम गरेर देखाउने उनको भनाइ छ ।

# पत्रकार महिलालाई स्थानीय तह निर्वाचन लक्षित अभिमुखीकरण




हेटौंडा, १८ बैशाख/ सञ्चारिका समूह मकवानपुरले मकवानपुरका पत्रकार महिलाहरुको लागि निर्वाचन लक्षित अभिमुखीकरण गरेको छ ।

आइतबार समूहले जिल्लामा रहेका पत्रकार महिलाहरुको लागि स्थानीय तहको निर्वाचनको रिपोर्टिङको सम्बन्धमा अभिमुखिकरण कार्यक्रम गरेको हो । सञ्चारिका समुह मकवानपुरकी अध्यक्ष सम्झना रिजालको सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका प्रमुख निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा मकवानपुरका वरिष्ठ पत्रकार प्रताप बिष्ट र निर्वाचन अधिकृत श्रेष्ठले सहजीकरण गरेका थिए । अभिमुखीकरणमा पत्रकार बिष्टले पत्रकारहरुले निर्वाचनसम्बन्धी समाचार लेख्दा तटस्थरुपमा र आचारसंहिताको पालनामा ध्यान दिनुपर्ने बताए । पत्रकारहरुले गोप्यरुपमा मतदान गर्नुपर्ने र दोहोरो भूमिका निर्वाह गर्न नहुने विष्टको भनाइ थियो । निर्वाचन अधिकृत श्रेष्ठले पत्रकारहरुले पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताका बारेमा जानकारी दिए । प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीमा बालिक मताधिकार प्रयोग गर्ने गरी आवधिक निर्वाचनको आवश्यकतालाई औंल्याउनुहुँदै मुख्य निर्वाचन अधिकृत श्रेष्ठले शान्ति, सुशासन र विकासको आकांक्षा पूरा गर्न पनि निर्वाचन जरुरी रहेको बताए । निर्वाचनमा स्वच्छता, भयमुक्त वातावरण कायम गर्नुपर्ने मुख्य निर्वाचन अधिकृत श्रेष्ठको भनाइ थियो । कार्यक्रममा सञ्चारिका समूह बागमती प्रदेशकी अध्यक्ष सरिता दाहाल र प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष अञ्जली थापाले मन्तव्य व्यक्त गरेका थिए ।

**कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि**

पूर्ण खोप, सुरक्षित भविष्य

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि
मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि
पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको
सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या
मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
**३ महिना पूरा भएपछि बुस्टर खोप**
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा
कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।




कोभिड-१९ सङ्क्रमण भएकाहरूले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड -१९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ।

बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
हेटौंडा, मकवानपुर, नेपाल

# राप्रपा मकवानपुरका नेता चौलागाईं एमालेमा



साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरका नेता खिलप्रसाद चौलागाईं एमालेमा प्रवेश गरेका छन् ।

हेटौंडा-४, हुप्रचौरस्थित आइतबार भएको एमाले मकवानपुरको चुनावी आमसभामा पार्टी अध्यक्ष केपी शर्मा ओलीले चौलागाईंलाई स्वागत गरेका हुन् । चौलागाईंसँगै राप्रपाका नेता कृष्णबहादुर विडारी, कृष्ण बञ्जारा, भूमिनन्द तिमल्सिना पनि एमालेमा प्रवेश गरेका छन् । चौलगाईं विडारी मकवानपुरगढीका प्रभावशाली नेता हुन् । २०७४ सालको निर्वाचनमा राप्रपाबाट गाउँपालिका अध्यक्ष उम्मेदवार रहेका चौलागाईंले ९ सय ५० मत ल्याएका थिए । उनलाई मकवानपुरगढीमा इमान्दार नेताका रुपमा लिइन्छ ।

उनले जनहितको काम गर्ने पार्टी एमाले भएकोले रोजेको बताए । आमसभालाई सम्बोधन गर्दै चौलागाईंले एमाले नै विकासको पहरेदार भएको धारणा राखेका थिए । राप्रपालाई टर्च बालेर खोज्नुपर्ने अवस्था पुगेकाले आफू एमाले प्रवेश गरेको उनी बताउँछन् । चौलागाईं राप्रपा मकवानपुरको वरिष्ठ उपाध्यक्ष थिए । झण्डै ४ दशकदेखि राजनीतिमा सक्रिय चौलागाईं राप्रपाबाट कमल थापा अलग्गिएसँगै निष्क्रिय बनेका थिए । राप्रपाको सानो संगठन हुँदा पनि उनले गत निर्वाचनमा ल्याएको मतले धेरैलाई आश्चर्यमा पारेको थियो । जनता माझ सामाजिक क्षेत्रबाट रुचाइएका उनको एमालेमा प्रवेशले मकवानपुरगढीमा हलचल मच्चिएको छ ।

कार्यक्रममा मकवानपुर गढीबाट कांग्रेस र माओवादी पार्टी परित्याग गरी ५० जनाभन्दा बढी कार्यकर्ता एमालेमा प्रवेश गरेका थिए । आमसभामा जिल्लाभरबाट करिब ७ सय जना एमालेमा प्रवेश गरेको एमाले मकवानपुरका सचिव नविन सिग्देलले बताए ।

**जैविक मलका फाइदाहरु**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।
स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी,
सभा, सेमिनार तथा गोष्ठीका लागि
हामीलाई सदैव सम्झनुहोस् ।
**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

# श्रमिक वर्गले गरिखाने अवसर निर्माण गर्नु सबैको कर्तव्य: प्रदेश प्रमुख

साझाकुरा संवाददाता

हेटौंडा, १८ वैशाख/ बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माले श्रमिक वर्गले गरिखाने सुनौंला अवसरहरु निर्माण गर्नु सबैको कर्तव्य भएको बताएका छन् ।

१३३ औं अन्तराष्ट्रिय श्रमिक दिवसका अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै प्रदेश प्रमुख शर्माले भने, 'संसारको नवनिर्माण गर्ने श्रमिक जनता हुन् र तिनै श्रमिकहरुको हक अधिकार स्थापित भएको दिन प्रत्येक वर्ष मे १ मा मनाइने, अन्तर्राष्ट्रिय श्रमिक दिवसका सन्दर्भमा सम्पूर्ण श्रमजीविहरुमा सुख, शान्ति र समृद्धिको कामना गर्दछु ।

साथै, श्रम अधिकार सुनिश्चितताको लागि आफ्नो जीवन बलिदान गर्ने सहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।,' उनले श्रमिकहरुलाई दक्ष बनाउँदै उनीहरुलाई गरिखाने अवसर निर्माण गर्नु सबैको कर्तव्य भएको बताएका हुन् ।

'श्रमिकहरुको सीप र दक्षता अभिवृद्धि गर्न विभिन्न तालिमहरु संचालन गर्दै क्षमता अनुसारको काम र काम अनुसारको दाम पाउने वातावरण निर्माण गरी श्रमिकवर्गले गरिखाने सुनौला अवसरहरु निर्माण गर्नु हामी सबैको कर्तव्य हो', उनले भने । आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन भन्ने नाराका साथ उठाइएको संघर्षबाट प्राप्त अधिकार उपयोग गर्ने दिनका रुपमा आजको दिनलाई श्रमिक दिवस भनेर स्मरण गर्ने गरिएको शर्माले बताएका छन् । राजनीतिक परिवर्तन पश्चात् २०७२ सालमा बनाइएको संविधानले श्रमजीवि वर्गका हक-अधिकार सुनिश्चित गरेको प्रमुखले बताएका छन् । आइतबार मनाइएको मे दिवसले श्रम क्षेत्रमा युगान्तकारी परिवर्तन ल्याएको उल्लेख गर्दै उनले विश्वभर सञ्चालन भएका सम्पूर्ण न्यायपूर्ण आन्दोलन, विद्रोह र परिवर्तनमा श्रमिकवर्गको अतुलनीय भूमिका रहेको प्रष्ट पारेका छन् । विश्वभरिका श्रमजीवीहरुलाई अझ सशक्त ढंगले एकताको सूत्रमा बाँध्न सघाउ पुऱ्याउने आफूले विश्वास गरेको उनको भनाइ छ ।

उनीहरुले भोगिरहेका बेरोजगारी, गरिबी, उत्पीडन, श्रम शोषण जस्ता समस्याबाट श्रमजीवि मजदुरहरुको उत्थान गर्ने कार्यमा सम्बन्धित पक्षलाई प्रेरणा मिलोस् भन्ने कामना पनि प्रमुख शर्माको छ ।

# बाघको आक्रमणबाट माहुतेको मृत्यु

चितवन, १८ बैशाख/ बाघको आक्रमणबाट चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत्को कसरा हात्तीसार केन्द्रमा कार्यरत् कर्मचारी (माहुते) को मृत्यु भएको छ । शुक्रबार साँझ करिब साढे ५ बजेको समयमा बारा जिल्ला कोहल्बी नगरपालिका-१ घर भएका करिब २३ वर्षीय माहुते रमेश चौधरी थारूलाई बाघले आक्रमण गरेको हो । हात्तीसार केन्द्रमै आएर बाघले आक्रमण गरेपछि चौधरीको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक नरहरि अधिकारीले जानकारी दिए । शरीरको घाँटीलगायत भागमा चोट लागेको अवस्थामा प्रहरीले मृतकको शव फेला पारेको हो । शवको जाँच मुचुल्का लगायत कार्य सम्पन्न गरी पोष्टमार्टमको लागि भरतपुर अस्पतालमा राखिएको छ । छोराको मृत्युको विषयमा बुबाले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएको र थप अनुसन्धान भइरहेको अधिकारीले बताए । *-रातोपाटी*




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**ADMISSIONS OPEN FOR 2079**

From Nursery to Grade 9

**Scholarships**
*a feature of socially responsible institution...*

*Madhav Raj Sumargi Memorial Scholarship based on*
**Entrance Tests** 189+ Seats

*Rup Chandra Bista "Thaha" Memorial Scholarship based on*
**Students' Talent** 108+ Seats

*Bishwakanti Kalawati Sumargi Scholarship based on*
**Students' Rank** 39+ Seats

Scholarship Test
24 Baishakh 2079
APPLY NOW
Admission forms are also available online
www.admission.hetaudaacademy.edu.np

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

**www.sajhakuranews.com**
साझाकुरा
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको
चाहनालाई मध्यनजर
गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



*साझाकुरा*
खोजी खोजी
पढौं ।
दैनिक रुपमा
समाचार पढौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना